समाचार
एडीबी नेपालबाट
www.adb.org/nrm
adbnrm@adb.org
एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र
चैत्र, २०६४

# एडीबी उपाध्यक्षद्वारा नेपालका विकास साझेदारहरूको प्रतिबद्धतामा जोड




**विकासका साझेदाहरू** एसियाली विकास बैंक (एडीबी) का उपाध्यक्ष लिकुन जीन र प्रधानमन्त्री गिरिजाप्रसाद कोईराला नेपाल दातृ निकाय परामर्श बैठकलाई सम्बोधन गर्नुहुदै।

एसियाली विकास बैंक (एडीबी) का उपाध्यक्ष लीक्युन जीनले नेपालको विकास निर्माणमा विकास साझेदारहरूको प्रतिबद्धता दोहोऱ्याउनुभएको छ। २०६४ फागुन ७ देखि १० गतेसम्म काठमाडौं भ्रमणमा आउँदा उहाँले उक्त कुरा बताउनुभएको हो। नेपाल सरकारको निमन्त्रणमा नेपाल दातृ परामर्श बैठकमा भाग लिन आउनुभएका उपाध्यक्ष जीनले उक्त अवसरमा देशका विकास साझेदारहरूका तर्फबाट स्वागत मन्तव्य दिनुभएको थियो।

'सन् २००६ नोभेम्बरमा बृहत् शान्ति सम्झौता हस्ताक्षर भएयता सरकारले हासिल गरेको प्रगति, तीन वर्षे अन्तरिम योजनाको कार्यान्वयन र खासगरी संविधान सभा निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धताको हामी सराहना गर्छौं,' उपाध्यक्षले भन्नुभयो।

उहाँले 'शान्त, समृद्ध र समुन्नत नयाँ नेपाल' निर्माणका लागि थुप्रै चुनौती तथा अवरोधहरू पन्छाउन बाँकी रहेको उल्लेख गर्नुभयो। शान्ति प्रक्रियालाई सुदृढ तुल्याउँदै विकासका प्रतिफल आमजनतासम्म पुऱ्याउने कार्यमा नेपालका विकास साझेदारहरूको सहयोग जारी रहने प्रतिबद्धता पनि उहाँले दोहोऱ्याउनुभयो।

नेपाल भ्रमणका क्रममा उपाध्यक्ष जीनले बरिष्ठ सरकारी अधिकारीहरूसँग भेट गर्नुभएको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँगको बैठकमा उहाँले संविधान सभा निर्वाचन सम्पन्न गर्ने सात दलको प्रतिबद्धता र शान्ति प्रक्रियाको प्रशंसा गर्नुभयो। देशका विकास साझेदारहरूसँगको सम्बन्धलाई निरन्तरता दिने सरकारको प्रतिबद्धताको पनि उहाँले सराहना गर्नुभयो।

'सरकारले सुधार प्रक्रिया र विकास कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता देखाएको छ,' जीनले भन्नुभयो- 'देशमा दीगो शान्ति स्थापना गर्न अनुकूल वातावरण तयार पार्ने प्रयास सरकारले जारी राख्नुपर्छ।'

उपाध्यक्ष जीनले अर्थमन्त्री डा. रामशरण महत, भौतिक योजना तथा निर्माण मन्त्री हिसिला यमी, जलस्रोत मन्त्री ज्ञानेन्द्रबहादुर कार्की, विकास साझेदार र सञ्चार कर्मीहरूसँग पनि भेट्नुभएको थियो।

उहाँले एडीबीको सहायतामा सञ्चालित दुईवटा आयोजना स्थलको पनि भ्रमण गर्नुभयो। यसमा दोस्रो सिंचाइ क्षेत्र आयोजना तथा काठमाडौं र ललितपुर जिल्लामा गरिबहरूका लागि खानेपानी संगठनको अधिकतम उत्पादकत्व बढाउन सञ्चालित जापान गरिबी निवारण कोष अनुदान आयोजना रहेका छन्। यी आयोजनाले गरिब कृषक तथा फाइदाबाट वञ्चित समुदायहरूको जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्य लिएको छ। ■

# एडीबीका लागि अमेरिकी कार्यकारी निर्देशकको नेपाल भ्रमण

एडीबीमा संयुक्तराज्य अमेरिकाको प्रतिनिधित्व गर्ने कार्यकारी निर्देशक कर्टिस चीनले २०६४ माघ ७ देखि १४ गतेसम्म नेपाल भ्रमण गर्नुभयो। उक्त अवसरमा उहाँले अर्थमन्त्री डा. रामशरण महत, वरिष्ठ सरकारी अधिकारी, विकास साझेदार, गैसस तथा निजी क्षेत्रका प्रतिनिधिहरूसँग भेट गर्नुभएको थियो। उहाँले एडीबीको सहायतामा सञ्चालित दुईवटा आयोजना स्थलको पनि भ्रमण गर्नुभयो। यसमा दोस्रो सिंचाइ क्षेत्र आयोजना तथा धुलिखेल र नगरकोटमा गरिबहरूका लागि खानेपानी संगठनको अधिकतम उत्पादकत्व बढाउन सञ्चालित जापान गरिबी निवारण कोष अनुदान आयोजना रहेका छन्। ■



**गैर सरकारी संस्थाहरूसँग भेट्घाट** एडीबी का लागि अमेरिकी कार्यकारी निर्देशक कर्टिस चीन नेपाल भ्रमणका क्रममा जलश्रोतसँग सम्बद्ध गैर सरकारी संस्थाहरूसँग अर्न्तकृया गर्दै।

# नेपालका पाँच विकास क्षेत्रमा सरोकारवालाहरूसँग परामर्श

यस वर्ष जनवरीदेखि मार्च महिनासम्म एडीबीले आफ्नो राष्ट्रिय रणनीति तथा कार्यक्रम (सीएसपी) २००५-२००९ को मध्यकालीन समीक्षाका लागि नेपालका पाँच विकास क्षेत्रमा छुट्टाछुट्टै परामर्श बैठक आयोजना गर्‍यो। परामर्श बैठकमा एडीबी नेपाल आवासीय नियोगका कर्मचारी तथा देशका ५५ जिल्लाबाट १ सय ५० भन्दा बढी बाह्य सरोकार वालाहरूले भाग लिएका थिए।

बैठकमा सहभागी प्रमुख सरोकारवालाहरूमा जिल्ला तथा केन्द्रीय तहका सरकारी अधिकारी, अधिवक्ता, प्राज्ञ, व्यवसायी, कृषक, एडीबी आयोजनाका कर्मचारी, गैर-सरकारी संस्था, राजनीतिक दल, दलित, जनजाति समूह, सञ्चार माध्यम तथा महिला समूहका प्रतिनिधिहरू थिए। नियोगका राष्ट्रिय निर्देशक पल हेटेन्स, एडीबीका वरिष्ठ राष्ट्रिय विशेषज्ञ पाउलो स्पान्टिगाती तथा एडीबीका राष्ट्रिय अधिकृतहरूले परामर्शमा भाग लिनुभएको थियो। राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो।

एडीबीले नेपालका लागि राष्ट्रिय रणनीति तथा कार्यक्रम २००५-२००९ तर्जुमा गर्दा सन् २००३ मा पहिलोचोटि क्षेत्रीय तथा राष्ट्रिय स्तरका परामर्श बैठकहरू आयोजना गरेको थियो। ती बैठकले अवलम्बन गरेको उच्च सहभागितामूलक पद्दतिलाई सीएसपीको मध्यकालीन मूल्यांकनमा समेत निरन्तरता दिन यसपटक फेरि क्षेत्रीय परामर्श बैठकहरू गरिएको हो। सन् २००३ को तुलनामा यस वर्ष बैठकका सहभागीहरू एडीबी र नेपालको विकासमा यसको भूमिकाप्रति बढी सचेत रहेको पाइयो। एडीबीले अपनाएको सहभागितामूलक पद्दति र २००३ को परामर्श बैठकमा छलफल भएका सुझाव तथा प्राथमिकताहरू, खासगरी सडक, खानेपानी, शिक्षा, कृषि र पशुपालनजस्ता पहिचान गरिएका प्राथमिकता क्षेत्रलाई राष्ट्रिय रणनीति तथा कार्यक्रममा समावेश गरिएकोमा सरोकारवालाहरूले प्रशंसा गरेका थिए। सहभागीहरूले एडीबीका रणनीति तथा कार्यक्रममा सुधार ल्याउँदै आयोजनाको अनुगमन, मूल्यांकन र कार्यान्वयनलाई बढी प्रभावकारी तुल्याउन आफ्ना सुझावहरू दिएका थिए। ■




**सहभागितामूलक अवधारणा** एडीबी ले आफ्नो राष्ट्रिय रणनीति तथा कार्यक्रम (सिएसपी २००५-२००९) को मध्यकालिन समिक्षाका लागि नेपालका पाँच वटै विकास क्षेत्रहरूमा परामर्श बैठकहरू आयोजना गरेका थियो।

# मेलम्ची खानेपानी आयोजना अघि बढाउन एडीबीको आह्वान

एडीबी दक्षिण एसिया विभागका उप-महानिर्देशक सुल्तान हफिज रहमानले भर्खरै पुनर्संरचना गरिएको मेलम्ची खानेपानी आयोजना अघि बढाउन सरकारलाई आह्वान गर्नुभएको छ। २०६४ फागुन २२ देखि २७ गतेसम्मको नेपाल भ्रमणका क्रममा उहाँले अहिलेको संक्रमणकालीन अवधिमा सरकारले सामाजिक तथा आर्थिक विकासमा केन्द्रित रहनुपर्ने आवश्यकता पनि औंल्याउनुभयो।

भ्रमणमा उप-महानिर्देशक रहमानले भौतिक योजना तथा निर्माण मन्त्रीसँग मेलम्ची आयोजनाबारे छलफल गर्नुभएको थियो। उहाँले आयोजनाको कार्यान्वयनमा सरकारले आफ्नो प्रतिबद्धता देखाएको उल्लेख गर्दै यसअन्तर्गत धेरै क्षेत्रगत सुधारहरू हासिल भएकोमा सराहना गर्नुभयो।

'एडीबी सञ्चालक समितिले मेलम्ची आयोजनाको पुनर्संरचना अनुमोदन गरिसकेकाले अब यसलाई स्वीकृत सिद्धान्तअनुरुप कार्यान्वयन गर्नु अत्यन्त जरूरी हुन्छ। खासगरी भर्खरै स्थापित खानेपानी संस्थालाई स्वतन्त्र ढंगले राजनीतिक हस्तक्षेपबिना सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ। यी सिद्धान्तलाई राम्ररी पालना गरिनुपर्छ,'- उहाँले भन्नुभयो।



**सञ्चार माध्यमसँग अन्तर्क्रिया** एडीबी दक्षिण एसिया विभागका उप महानिर्देशक सुल्तान हफिज रहमान नेपाल भ्रमणका क्रममा सञ्चारकर्मीहरूसँग अन्तर्क्रिया गर्दै।

रहमानले अर्थमन्त्री, भौतिक योजना तथा निर्माण मन्त्री, सूचना तथा सञ्चार मन्त्री, भर्खरै स्थापित काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन संस्थाका सञ्चालक समितिका सदस्यहरू, विकास साझेदार तथा सञ्चार कर्मीहरूसँग भेट गर्नुभएको थियो। ■

# खानेपानी अभाव समाधान गर्न एडीबीद्वारा नेपालको पूर्वाधार आयोजनामा सहयोग

केही समयदेखि ढिलाइ भइरहेको नेपालको खानेपानी आपूर्तिसम्बन्धी आयोजनालाई पुनः अघि बढाउन एडीबीले आयोजनाका नयाँ प्रावधानहरूमाथि यही फेब्रुअरीको प्रारम्भमा सहमति जनाएको छ। यसले काठमाडौं उपत्यकामा लामो समयदेखि रहँदै आएको खानेपानी अभावको समस्या समाधान गर्न लक्षित मेलम्ची खानेपानी आयोजना अघि बढेको छ। यसअन्तर्गत २६ किलोमिटर सुरूङ निर्माण गर्ने कार्यसमेत पर्छ। एडीबी मेलम्ची आयोजनाको प्रमुख लगानीकर्ता हो।

एडीबीले सन् २००० मा मेलम्ची आयोजनामा सहयोग गर्ने सहमति जनाएको थियो, तर त्यसपछि आयोजनामा भएका विभिन्न परिवर्तन, प्राथमिकीकरण र यसका विभिन्न एकाइहरूलाई चरणबद्ध रूपमा विभाजन गर्दा आयोजनाको लागत ४६ करोड ४० लाख अमेरिकी डलरबाट ३१ करोड ७३ लाख डलरमा झरेको थियो। यस अवधिमा सिर्जित राजनीतिक अस्थिरता र निजी क्षेत्रका साझेदारहरूको चुनौतीले आयोजनासम्बन्धी काममा ढिलाइ हुन गयो।

काठमाडौंका १५ लाख जनसंख्याका लागि यो आयोजना अपरिहार्य छ। यहाँका बहुसंख्यक बासिन्दा लामो समयदेखि खानेपानी अभाव झेल्न बाध्य छन्। घरको धाराबाट दिनमा केही घण्टामात्र पानी आउने हुँदा अधिकांश व्यक्ति स्यालो ट्युबवेल, सार्वजनिक धारा, आकाशे पानी वा बोतल (जार) को पानीजस्ता महँगा वैकल्पिक स्रोतमा निर्भर छन्।

'काठमाडौं उपत्यकाका लागि दिगो र दीर्घकालीन खानेपानी आपूर्तिको व्यवस्था गर्न यो आयोजना एकमात्र भरपर्दो र यथार्थपरक माध्यम हो,' एडीबी दक्षिण एसिया विभागको शहरी विकास महाशाखाका आयोजना व्यवस्थापन एकाइ प्रमुख लियोनार्डस् बोइनावान सोन्डजाजाले भन्नुभयो। 'खानेपानी संकट समाधानको बढ्दो आवश्यकता र परिवर्तित घटनाक्रमका आधारमा आयोजनाको दायरा र कार्यान्वयन विधिमा समसामयिक समायोजन गर्नु आवश्यक हुन आएको छ।'

एडीबीले यस आयोजनाका लागि १३ करोड ७० लाख डलर ऋण प्रदान गर्दैछ। अन्य दाताहरूमा जापान अन्तर्राष्ट्रिय सहयोग बैंक (जापान बैंक फर इन्टरनेशनल कोअपरेसन), जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जापान इन्टरनेशनल कोअपरेसन एजेन्सी), नर्डिक विकास कोष (नर्डिक डेभलपमेन्ट फन्ड) र तेल निर्यातक राष्ट्रहरूको अन्तर्राष्ट्रिय विकास कोष (अर्गनाइजेसन फर पेट्रोलियम एक्सपोर्टिङ कन्ट्रिज फन्ड फर इन्टरनेशनल डेभलपमेन्ट) रहेका छन्। नेपाल सरकारले ९ करोड ६ लाख डलर लगानी गर्ने छ।

आयोजना अन्तर्गतको सबभन्दा ठूलो सार्वजनिक निर्माण प्याकेजमा २६ किलोमिटर लामो खानेपानी 'डाइभर्सन' सुरूङ पर्छ। यही सुरूङद्वारा दैनिक १७ करोड लिटर पानी मेलम्ची नदीबाट काठमाडौं उपत्यकामा प्रवाह गरिनेछ, जसले यस क्षेत्रको चरम खानेपानी अभाव समाधान गर्दै आपूर्ति सहज तुल्याउनेछ।

आयोजनामा पानी प्रशोधन केन्द्र र थोक पानी वितरण प्रणालीको विकाससमेत समावेश छन्। अहिलेको पानी वितरण सञ्जाललाई पनि आयोजनाअन्तर्गत पुनर्स्थापन गरिनेछ। आयोजनाको कार्यस्थलमा पुग्ने बाटो निर्माण गरिनेछ, जसले कृषि उत्पादन क्षेत्रलाई बजारसम्म जोड्ने बाटोको काम पनि गर्नेछ। सम्भावित सामाजिक तथा वातावरणीय प्रभाव निवारण गर्न र आयोजनाबाट प्रभावित व्यक्तिको जीवनस्तरमा सुधार ल्याउन पनि यसले आवश्यक सहयोग प्रदान गर्नेछ।

आयोजनामा भएका समायोजनअन्तर्गत यसको कार्यान्वयनलाई दुई उप-आयोजनामा विभाजन गरिएको छ। पहिलो उप-आयोजनामा खानेपानी डाइभर्सन सुरूङको निर्माण पर्छ भने दोस्रो उप-आयोजनाअन्तर्गत खानेपानी आपूर्ति तथा सरसफाई कार्यक्रम रहेको छ।

सुरूङको सार्वजनिक निर्माण ठेक्काका लागि खानेपानी आपूर्तिको व्यवस्थापन करार निजी क्षेत्रलाई दिनुपर्छ भनी पहिले व्यवस्था गरिएको ऋण सम्झौताको पूर्वशर्त हटाउन पनि एडीबी सहमत भएको छ। यसले अब कुनै पनि किसिमको ढिलाइबिना दुवै उप-आयोजना एकैचोटि कार्यान्वयन हुन सक्नेछन् भने नयाँ निजी क्षेत्र व्यवस्थापकको नियुक्ति परिमार्जित करार व्यवस्थाअन्तर्गत हुनेछ।

एडीबीले काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास कार्यक्रमअन्तर्गतका दुई ऋण कार्यक्रममा पनि समायोजन गर्न स्वीकृत गरेको छ। मेलम्ची खानेपानी आयोजनामा सहयोग गर्ने यी कार्यक्रमअन्तर्गत खानेपानी सेवा क्षेत्रको सुधार र संस्थागत विकासमा सहयोग गरिनुका साथै निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गरिनेछ। एडीबीद्वारा सन् २००३ डिसेम्बरमा स्वीकृत १ करोड ५० लाख डलरको ऋण यथावत् रहनेछ। यस कार्यक्रम कार्यान्वयनका लागि नयाँ व्यवस्थापन सहायता योजना अवलम्बन गरिनेछ। ■

# नेपाल आवासीय नियोगका कार्यक्रमहरू

नेपाल आवासीय नियोगले सन् २००८ को पहिलो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीमा भाग लिएको थियो।

**७ ९ फागुन २०६४, आयोजना व्यवस्थापनमा निर्माण कार्य तथा विवाद समाधान संयन्त्रका लागि एफआईडीआईसी करारसम्बन्धी कार्यशाला।** एडीबीको सार्वजनिक खरिद अनुगमन कार्यालय तथा ठेकेदार महासंघले काठमाण्डौंमा तीनदिने कार्यशाला आयोजना गऱ्यो। सम्बन्धित मन्त्रालयका सरकारी अधिकारी, आयोजना निर्देशक तथा एडीबीद्वारा सञ्चालित आयोजनाका प्रबन्धकहरूको क्षमता अभिवृद्धि गर्नुका साथै नेपालको निर्माण व्यवसाय उद्योगलाई करार तथा खरिदसम्बन्धी विषयमा दक्ष तुल्याउन यो कार्यशाला आयोजना गरिएको हो।

**१३ फागुन २०६४, एसियाली विकास कोषका लागि विशेष भुक्तानी अधिकार (एसडीआर) विनिमय प्रस्तावसम्बन्धी कार्यशाला।** नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रकको कार्यालय तथा अर्थ मन्त्रालयका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको यस कार्यशालाले एसियाली विकास कोषका लागि विशेष भुक्तानी अधिकार विनिमय प्रस्तावका सम्बन्धमा ऋणीहरूको सचेतता अभिवृद्धि गर्ने उद्देश्य लिएको थियो, ताकि उनीहरूले यसबारे सुसूचित भई निर्णय लिन सकुन्। कार्यशालामा अर्थ मन्त्रालयका सह-सचिव कृष्ण ज्ञवाली तथा नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक पल हाइटेन्सले स्वागत मन्तव्य दिनुभएको थियो।

**२० फागुन २०६४, एमएफडीआरसम्बन्धी गोष्ठी।** विकास नतिजाका लागि व्यवस्थापन (एमएफडीआर) सम्बन्धी प्राविधिक सहायता र दक्षिण एसियामा गरिबी निवारणको सहयोगमा सञ्चालित एमएफडीआरसम्बन्धी क्षेत्रीय प्राविधिक सहायताको कार्यान्वयनमा हासिल अनुभव र सिकेका पाठहरू आदानप्रदान गर्न राष्ट्रिय योजना आयोगले नेपाल आवासीय नियोगको सहयोगमा यो गोष्ठी आयोजना गरेको हो। राष्ट्रिय योजना आयोगका उपाध्यक्षले सभापतित्व गर्नुभएको उक्त कार्यक्रममा नियोगका राष्ट्रिय निर्देशक पल हाइटेन्सले स्वागत मन्तव्य दिनुभएको थियो। ■

## नियोगका कर्मचारीहरूको समाचार



विनिता शाह खड्काले २०६४ पुस २४ गतेदेखि बाह्य सम्पर्क अधिकृतका रूपमा नेपाल आवासीय नियोगमा प्रवेश गर्नुभएको छ। यसअघि उहाँ दक्षिण एसियाका लागि युनिसेफको क्षेत्रीय कार्यालयमा सञ्चार अधिकृत हुनुहुन्थ्यो। पत्रकारका रूपमा आफ्नो व्यावसायिक यात्रा थाल्नुभएका खड्काले युनिसेफअघि नेपाल पर्यटन बोर्डमा जनसम्पर्क तथा प्रचारप्रसार अधिकृतका रूपमा काम गर्नुभएको थियो। उहाँले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी साहित्यमा स्नातकोत्तर गर्नुभएको छ। ■



**चेतना अभिवृद्धि** एसडीआर परिवर्त्यको विकल्प बारे कार्यशाला गोष्ठमा उच्च सरकारी अधिकारीहरू।




**अनुभव आदान प्रदान** नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक पल हाइटेन्स विकास प्रतिफलका लागि व्यवस्थापन (एमएफडीआर) कार्यसालालाई सम्बोधन गर्नुहुँदै।

समाचार
## नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरुबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरुले एडीबीको अधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन। हामी पाठकहरुको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं.३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल।
फोन : + ९७७ १ ४२२ ७७७९
फ्याक्स: + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.abd.org/nm

राष्ट्रिय निर्देशक : पल जे. हाइटेन्स

### एडीबी अनलाइन
**www.adb.org**

- एडीबीसँगको **व्यापार अवसर** खोजीका लागि हेर्नुहोस्: **www.adb.org/business/opportunities**
- **सञ्चार सम्पर्क** तथा **नयाँ समाचार**का लागि हेर्नुहोस् : **www.adb.org/media**
- **प्रकाशन**का लागि हेर्नुहोस् : **www.adb.org/publications**